# आकाशवाणी समाचार- नेपाली

मितिः १६ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा स्टार्टअप इन्डिया पहलको एक दशक पूरा भएको अवसरमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ।

2. केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालले भारतको स्थापित विद्युत उत्पादन क्षमता दोब्बरभन्दा बढी भएको बताउनु भयो जुन २०१४ मा २४९ गिगावाटबाट २०२५ मा ५१० गिगावाट पुगेको छ।

3. अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले भारतलाई विश्व अर्थतन्त्रको लागि एक प्रमुख विकास इन्जिन भएको बताएको छ।

4. भारत र इजरायलले मत्स्यपालन र जलीय कृषि क्षेत्रमा सहयोग सुदृढ पार्न मन्त्रीस्तरीय संयुक्त आशय घोषणापत्रमा हस्ताक्षर गरेको छ।

5. आईसीसी अन्डर-१९ क्रिकेट विश्वकपको उद्घाटन म्याचमा भारतले डकवर्थ-लुइस नियम अन्तर्गत संयुक्त राज्य अमेरिकालाई ६ विकेटले पराजित गर्‍यो।

**प्रधानमन्त्री - स्टार्टअप इन्डिया**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा स्टार्टअप इन्डिया पहलको एक दशक पूरा भएको अवसरमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ। कार्यक्रमको क्रममा, प्रधानमन्त्रीले भारतको जीवन्त स्टार्टअप इकोसिस्टमका सदस्यहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। स्टार्टअप प्रतिनिधिहरूले आफ्नो उद्यमशीलता यात्राका अनुभवहरू पनि साझा गर्नेछन्।
एक रिपोर्ट...

**प्रधानमन्त्री - नयाँ रेलहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि धेरै नयाँ रेलहरूको उद्घाटन गर्नुहुनेछ, जसमा पश्चिम बंगालको हावड़ा र आसामको कामाख्या जोड्ने देशको पहिलो स्लीपर वन्दे भारत एक्सप्रेस समावेश छ। अन्य रेलहरूमा नयाँ जलपाईगुडी-नागरकोइल अमृत भारत एक्सप्रेस, नयाँ जलपाईगुडी-तिरुचिरापल्ली अमृत भारत एक्सप्रेस, अलिपुरद्वार-एसएमवीटी बेंगलुरु अमृत भारत एक्सप्रेस, अलिपुरद्वार-मुम्बई-पनवेल अमृत भारत एक्सप्रेस, राधिकापुर-एसएमवीटी बेंगलुरु मेल एक्सप्रेस, र बालुरघाट-एसएमवीटी बेंगलुरु मेल एक्सप्रेस समावेश छन्। यी रेलहरूले पश्चिम बंगाल, असम, बिहार, ओडिशा, आन्ध्र प्रदेश, कर्नाटक, तमिलनाडु, महाराष्ट्र, उत्तर प्रदेश र मध्य प्रदेशबीचको यात्री सम्पर्क सुधार गर्नेछन्।
प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार हावड़ा-आनन्द विहार टर्मिनल अमृत भारत एक्सप्रेस, सियालदह-वाराणसी अमृत भारत एक्सप्रेस, र सन्त्रागाची-ताम्बरम अमृत भारत एक्सप्रेसको उद्घाटन गर्नुहुनेछ। यी रेलहरूको सुरुवातले यात्रीहरूलाई कम समयमा आफ्नो गन्तव्यमा पुग्न सक्षम बनाउनेछ।

**मनोहर लाल - ऊर्जा शिखर सम्मेलन**

केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालले भारतको स्थापित विद्युत उत्पादन क्षमता दोब्बरभन्दा बढी भएको बताउनु भयो जुन २०१४ मा २४९ गिगावाटबाट २०२५ मा ५१० गिगावाट पुगेको छ। हिजो नयाँ दिल्लीमा भएको भारत विद्युत शिखर सम्मेलन २०२६ को पूर्वावलोकनमा, श्री मनोहर लालले भारतले विश्वसनीयता, पहुँच र किफायती क्षमताद्वारा परिभाषित विद्युत अधिशेषको नयाँ युगमा प्रवेश गरेको बताउनु भयो। उहाँले भन्नु भयो, भारत अब विश्वको तेस्रो ठूलो ऊर्जा उत्पादक र उपभोक्ता बनेको छ। स्वच्छ ऊर्जाको क्षेत्रमा भएको प्रगतिलाई उल्लेख गर्नु हुँदै उहाँले भन्नु भयो, देशको गैर-जीवाश्म इन्धन क्षमता २०१४ मा ३२ प्रतिशतबाट बढेर २०२५ मा ५२ प्रतिशत पुगेको छ।

भारत ऊर्जा शिखर सम्मेलन २०२६ १९ देखि २२ मार्चसम्म नयाँ दिल्लीमा आयोजना हुनेछ। यो चार दिने विश्वव्यापी सम्मेलनले नीति निर्माताहरू, उद्योग, लगानीकर्ताहरू र विज्ञहरूलाई ऊर्जा मूल्य शृङ्खलाको सम्पूर्ण स्पेक्ट्रममा छलफल गर्न एकसाथ ल्याउनेछ।

श्री मनोहर लालले भन्नु भयो, यो सम्मेलनले भारतको ऊर्जा शक्तिलाई विश्वव्यापी परिप्रेक्ष्यसँग जोडेर देशको दिगो ऊर्जा भविष्यलाई आकार दिनेछ।

**अन्तर्राष्ट्रिय मुद्रा कोष - भारत**

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले भारतलाई विश्व अर्थतन्त्रको लागि एक प्रमुख विकास इन्जिन भएको बताएको छ। आईएमएफले तेस्रो त्रैमासिकमा भारतको आर्थिक वृद्धि अपेक्षाभन्दा राम्रो भएको बताएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको सञ्चार विभागकी निर्देशक जूली कोजाकले पत्रकार सम्मेलनमा पत्रकारहरूलाई भारतको वृद्धि दर बलियो रहेको र मुख्यतया बलियो घरेलु उपभोगद्वारा संचालित रहेको बताउनु भयो। आईएमएफले पहिले वित्त वर्ष २०२५-२६ को लागि भारतको वृद्धि दर ६.६ प्रतिशत हुने अनुमान गरेको थियो।

जुली कोजाकले भारतको हालैको अपेक्षाभन्दा राम्रो प्रदर्शनले आईएमएफले भारतको लागि आफ्नो वृद्धि पूर्वानुमान अपग्रेड गर्ने सम्भावना बढाएको बताउनु भयो।

**एनटीए जेईई मेन – बंगाल**

राष्ट्रिय परीक्षण एजेन्सी -एनटीएले घोषणा गरेको छ कि पश्चिम बंगालमा २३ जनवरीमा जेईई-2026 (मेन) परीक्षाको पहिलो सिफ्टमा सहभागी हुने उम्मेदवारहरूलाई विज्ञापन गरिएको मितिभन्दा फरक मिति तोकिनेछ। परीक्षा मितिमा यो परिवर्तन यस महिनाको २३ तारिखमा सरस्वती पूजा उत्सवलाई ध्यानमा राख्दै गरिएको हो। सामाजिक सञ्जाल पोस्टमा, एजेन्सीले पश्चिम बंगालका उम्मेदवारहरूबाट प्रतिनिधित्व प्राप्त भएको बताएको छ। उम्मेदवारहरूले थप जानकारीको लागि jeemain@nta.ac.in मा इमेल गर्न सक्छन् वा ०११-४०७५९००० मा कल गर्न सक्छन्।

**भारत-इजरायल घोषणा**

भारत र इजरायलले मत्स्यपालन र जलीय कृषि क्षेत्रमा सहयोग सुदृढ पार्न मन्त्रीस्तरीय संयुक्त आशय घोषणापत्रमा हस्ताक्षर गरेको छ। इजरायलमा आयोजित दोस्रो विश्वव्यापी शिखर सम्मेलन, ब्लू फूड सेक्युरिटी: सी द फ्युचर २०२६ को क्रममा यो हस्ताक्षर भएको हो। मत्स्यपालन, पशुपालन र दुग्ध मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, घोषणापत्र उन्नत उन्नत जलीय कृषि प्रौद्योगिकी, दायित्वपूर्ण मत्स्य पालन प्रचलन र क्षमता निर्माण संयुक्त अनुसन्धान र विकासमा केन्द्रित छ। सहयोगमा आनुवंशिक सुधार कार्यक्रमहरू, समुद्री शैवालसहित समुद्री खेती, र इजरायली पानी बचत गर्ने प्रविधिहरू प्रयोग गरेर जलचर व्यवस्थापन समावेश छ। मन्त्रालयले थपेको छ, घोषणापत्रले मत्स्यपालन र जलचरमा स्टार्टअपहरूको आदानप्रदान र समर्थनलाई जोड दिन्छ र समुद्रमा आधारित अर्थतन्त्रलाई अगाडि बढाउन सहयोगलाई बलियो बनाउने लक्ष्य राखेको छ।

**यात्रा सल्लाह - इजरायल**

`इजरायलको राजधानी तेल अभिभस्थित भारतीय दूतावासले यस क्षेत्रको वर्तमान अवस्थालाई ध्यानमा राख्दै भारतीय नागरिकहरूलाई इजरायलको अनावश्यक यात्रा नगर्न सल्लाह दिएको छ। दूतावासले इजरायलमा रहेका सबै भारतीय नागरिकहरूलाई सतर्क रहन र स्थानीय अधिकारीहरू र समय-समयमा जारी गरिएका अन्य सुरक्षा निर्देशिकाहरू र प्रोटोकलहरू

कडाईका साथ पालना गर्न सल्लाह दिएको छ। कुनै पनि आपतकालीन अवस्थामा, भारतीय नागरिकहरूले दूतावासको २४-घण्टा हेल्पलाइन नम्बरहरू +९७२-५४-७५२०७११ र +९७२-५४-३२७८३९२ मा सम्पर्क गर्न सक्छन् वा cons1.telaviv@mea.gov.in मा इमेल गर्न सक्छन्।

**एसआईआर- समय सीमा**

चुनाव आयोगले गोवा, लक्षद्वीप, राजस्थान, पुडुचेरी र पश्चिम बंगालमा मतदाताहरूको जारी विशेष गहन संशोधन एसआईआरको लागि समयसीमा 19 जनवरीसम्म बढाएको छ। मतदाताहरूले अब यस महिनाको १९ तारिखसम्म दावी र आपत्तिहरू दर्ता गर्न सक्छन्। एक पत्रमा, निर्वाचन आयोगले यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरू सीईओको अनुरोधहरू र अन्य सम्बन्धित कारकहरूलाई विचार गरेपछि संशोधित समयसीमा निर्धारण गरिएको बताएको छ। निर्वाचन आयोगले दाबी र आपत्तिहरू दर्ता गर्ने अवधिमा विस्तारको बारेमा व्यापक प्रचार सुनिश्चित गर्न पनि सीईओहरुलाई निर्देशन दिएको छ।

**क्रिकेट - अन्डर-१९ विश्वकप**

आईसीसी अन्डर-१९ क्रिकेट विश्वकपको उद्घाटन म्याचमा भारतले डकवर्थ-लुइस नियम अन्तर्गत संयुक्त राज्य अमेरिकालाई ६ विकेटले पराजित गऱ्यो। हिजो जिम्बाब्वेमा खेलिएको म्याचमा पहिले ब्याटिङ गर्दै संयुक्त राज्य अमेरिका ३५ ओभर र २ बलमा मात्र १०७ रनमा अलआउट भयो। त्यसपछि वर्षाले गर्दा म्याचलाई ३७ ओभरमा घटायो। ९६ रनको संशोधित लक्ष्य भारतीय टोलीले सजिलै हासिल गऱ्यो। भारतका हेनिल पटेल पाँच विकेट लिएका कारण म्यान अफ द म्याच घोषित भए।भारतले भोलि समूह ए को आफ्नो अर्को खेलमा बंगलादेशको सामना गर्नेछ।